**कोरोना भाइरससम्बन्धी कर्णाली प्रदेशको अवस्था**
**सुर्खेत । ०७७ वैशाख ११ गते**
कोरोना भाइरस प्रकोप न्यूनीकरणका लागि जिल्ला-जिल्लामा भएका प्रयास सम्बन्धमा इन्सेकका जिल्ला प्रतिनिधिमार्फत प्राप्त सूचनाको आधारमा जिल्लागत अवस्था विश्लेषण यसप्रकार छ ।

**इन्सेक मुगु जिल्ला प्रतिनिधि जीवन सेजुवालका अनुसार** वैशाख १० गते जिल्ला बार एशोसिएन जिल्ला शाखा मुगुका कुवेरजंग शाहीको अध्यक्षतामा ५ सदस्यीय मानव अधिकार अवस्था अनुगमन समिति गठन गरिएको छ ।
जसमा नेपाल पत्रकार महासंघ मुगु शाखाका अध्यक्ष नृपेन्द्र बहादुर मल्ल, गैर सरकारी सस्था महासंघ मुगु शाखाका अध्यक्ष सुरेन्द्र बहादुर मल्ल, इन्सेक प्रतिनिधि जीवन सेजुवाल र नेपाल राष्ट्रिय मानव अधिकार संगठन जिल्ला शाखा मुगुका अध्यक्ष गंगाराज शाही चयन हुनु भएको छ ।
यसैबीच खत्याड गाँउकार्यपालिकाको वैशाख १० गतेको बैठकले कोरोना संक्रमण फैलिने त्रासले विभिन्न ठाउँमा अलपत्र परेका आफ्ना बासिन्दालाई उद्धार नगर्ने बरु बसेकै स्थानमा राहत पुऱ्याउने निर्णय गरेको छ ।
व्यवथापकिय परिचालन टिमका सदस्यहरुको संयुक्त दस्तखतमा माछापुच्छे वैंकमा खाता संचालन गरी काठमाडौंमा भक्त रावल, मनोज शाही र दिपक बानिया नेपालगंजमा सुकबीर बुढा, कालिबहादुर रावल र खगराज रोकाया एवं सुर्खेतमा रामबहादुर थापा, नबिन बिक र खेमबहादुर बुढालाई राहत तथा उद्धारको लागि खटाउने निर्णय भएको गाँउपालिकाका अध्यक्ष उब्जनबहादुर शाहीले जानकारी दिनुभयो ।
विभिन्न ठाउँमा अध्यन, रोजगारी, औषधी उपचार, तथा अन्य कामका लागि गएका ५ सय बढीले उद्धारका लागि गाउँपालिकालाई अनुरोध गरेका थिए । छाँयानाथ रारा नगरपालिका, सोरु र मुगुम कार्मारोङ गाँउपालिकाले भने उद्धारका लागि बस पठाइसकेका छन् ।

**इन्सेक रुकुम पशिचम जिल्ला प्रतिनिधि मनिषा केसीका अनुसार** ललितपुरको इट्टाभट्टामा काम गर्ने रुकुम पश्चिम मुसिकोट नगरपालिका वडा नम्बर १३ का १९ जनालाई उद्दार गरिएको छ ।
लामो समयसम्म लकडाउन भएका कारण ललितपुरबाट हिडेर एक हप्तामा दाङ आएका ति व्यक्तिहरलाई वैशाख १० गते मुसिकोट नगरपालिकाका कार्यकारी अधिकृत नरबिर खड्का र मुसिकोट नगरपालिका वडा नम्बर १३ का अध्यक्ष दिपक केसीको पहलमा उनिहरुलाई घर ल्याइएको हो ।
त्यस्तै बाँफीकोट र सानीभेरी गाउँपालिकाले जिल्ला बाहिर रहेका मजदुरहरुलाई घरसम्म ल्याउनका लागि गाडीको व्यवस्था गरी मजदुर भएको जिल्लामा पठाएका छन् । दुवै स्थानीय तहले एक/एक वटा बस काठमाडौं र गोरखा पठाएको गाउँपालिकाले जनाएका छन् । साथै बाँफीकोट गाउँपालिका वडा नम्बर १० ले लकडाउनका कारण समस्यामा रहेको दुई सय १० जना विपन्न परिवारलाई खाद्यान्न वितरण गरेको छ ।
त्यसैगरी जिल्ला समन्वय समितिका प्रमुख राजकुमार शर्माले रुकुम पश्चिमको कारागारमा रहेका सबै कैदीबन्दीलाई ६० वटा सेनिटाइजर र दुईसय वटा मास्क वितरण गर्नुभएको छ ।
यस्तै जिल्लाका चारवटा स्थानीय तहमा बाँकी रहेका व्यक्तिहरुमा द्रुत परीक्षण भएको छ । चौरजहारी नगरपालिकामा ४४ जना, सानीभेरी गाउँपालिकामा ४४ जना र मुसिकेट नगरपालिकामा ३८ जना गरी जम्मा एक सय २८ जनाको द्रुत परीक्षण भएको र सबैजनाको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य सेवा कार्यालयका कोरोना भाइरस रोकथाम तथा नियन्त्रण फोकल पर्सन ईश्वर रावलले बताउनुभयो ।

**इन्सेक हुम्ला जिल्ला प्रतिनिधि नन्द सिंहका अनुसार** सिमकोट गाउँपालिका-५ को खाद्यक गाउँका महिलाहरुले कोरोनाको त्रासले गाउँका नाकामा पहरा दिन थालेका छन् । बिरामी र जरुरी काम परेका बाहेक अन्यलाई गाउँ प्रवेशमा रोक लगाउन प्रहरी र सशस्त्र प्रहरीका सुरक्षाकर्मीहरुसंगै आफूहरु पनि नाकामा बस्ने गरेको स्थानीय सजिता रावतले बताउनुभयो ।
यस्तै बाहिरका मानिसहरु जथाभाबी भित्रिन नपाउन् भन्नका लागि खेतीपातीको बेला खेत बारीमा काम गर्न जाने किसानहरुलाई पासको व्यबस्था समेत गरिएको वडा नं. ५ का अध्यक्ष कृष्ण बहादुर बोहराको भनाई छ ।
यसैबीच चैत ११ गतेबाट बन्द रहेका जिल्लाका स्वास्थ्य संस्थाहरु सञ्चालन हुने भएका छन् । स्वास्थ्य मन्त्रालयको निर्देशन अनुसार जिल्लाका सातवटा गाउँपालिकाका ४४ वडाहरुमा रहेका स्वास्थ्य संस्थाहरुलाई नियमीत खोप तथा अति आवश्यक सेवा सञ्चालन गर्नका लागि परिपत्र गरीएको जिल्ला स्वास्थ्य सेवा कार्यालयका कोस्टेन असिस्टेन मान बहादुर रोकायाले जानकारी दिनुभयो ।

**इन्सेक कालिकोट जिल्ला प्रतिनिधि कालीबहादुर मल्लका अनुसार** जिल्ला बाहिर लकडाउनका कारण अलपत्र परेका व्यक्तिहरुलाई स्थानीय र प्रदेश सरकारको पहलमा उद्धार गरी हेल्थ डेस्क राखेर स्वास्थ्य जाँच गर्न सुरु गरिएको छ ।
वैशाख ११ गते सम्म काठमाडौं, सुर्खेत, नेपालगञ्ज र अन्य जिल्लाबाट आएका १ सय २९ महिला र २ सय ६० पुरुष गरि जम्मा ३ सय ८९ जनाको स्वास्थ्य परीक्षण गरिएको स्वास्थ्य कार्यालय कालिकोटका सूचना अधिकारी कटक महतले जानकारी दिनुभयो ।
उहाँका अनुसार जिल्लाको सिमाना दहिखोला, ब्याउले र उनपाटामा हेल्थ डेस्क राखेर स्वास्थ्य चेकजाच गरेर जिल्ला प्रवेश गर्न दिइएको छ । केहिलाई क्वारेनटाइनमा राख्ने गरिएको छ भने केहिलाई घर पठाइएको महतले बताउनुभयो ।

**इन्सेक जाजरकोट जिल्ला प्रतिनिधि दिनेशकुमार श्रेष्ठका अनुसार** वैशाख ९ र १० गते काठमाडौं र नेपालगञ्जबाट आएका ६ सय बढी मानिसहरुलाई क्वारेन्टाइनमा राखिएको छैन । हालै फर्किएकाहरुमा संक्रमण भएमा उनीहरु समाजमा घुलमिलभएसंगै संक्रमणको जोखिम धेरै हुने स्वास्थ्य सेवा कार्यालयका निमित्त प्रमुख टीकाराम जैसीले बताउनुभयो ।
जिल्ला प्रहरी कार्यालय जाजरकोटका प्रमुख डिएसपी किशोरकुमार श्रेष्ठले संख्या ठूलो भएपनि घर जान दिनुपर्ने बाध्यता भएको भन्दै अब स्थानीय सरकारहरुले निगरानी र व्यवस्थापन गर्नु पर्ने बताउनु भयो ।

**इन्सेक दैलेख जिल्ला प्रतिनिधि अमर सुनारका अनुसार** कोरोना भाइरस रोकथामको क्रममा महामारीको जोखिम कम गर्ने सर्वोच्च अदालतको आदेश अनुसार एक वर्ष भन्दा कम कैद समय बाँकी रहेका दैलेख कारागारका ३ जना कैदी रिहा भएका छन् ।
दैलेख अदालतका सूचना अधिकारी बिनोद आचार्यका अनुसार ०६६ मा जातीय विभेद मुद्दामा ८ महिना कैद तोकिएका तर २०७६ पुस १३ गते मात्र दैलेख जिल्ला अदालत मार्फत कारागार पुगेका एउटै मुद्दाका रामबहादुर शाही र पदमबहादुर शाहीले बाँकी रहेको ४ महिना कैदलाई दैनिक ३ सय रुपैंयाँको दर हुन आउने रकम तिरेर वैशाख ११ गते रिहा भएका हुन । उनीहरु दुबै जना ६० वर्ष उमेर काटिसकेका भगवतीमाई गाउँपालिका-४ जगनाथका बासिन्दा हुन् ।

उक्त प्रावधान अनुसार चामुण्डाबिन्द्रसैनी नगरपालिका-४ का मुकेश शाही पनि वैशाख ११ गते कारागारबाट छुटेका छन् । अवैद्य बन्दुक घरमा राखेको आरोपमा तोकिएको १ वर्ष कैद मध्ये गएको मंसिर १० गतेदेखि ५ महिना बिताएको बाहेक ७ महिना कैदलाई दैनिक ३० सयका दरले हुन आउने रकम तिरेर छुटेका हुन् ।

**इन्सेक डोल्पा जिल्ला प्रतिनिधि विष्णुप्रसाद देवकोटाका अनुसार** डोल्पामा हालसम्म ३३ जनाको आरडिटी परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ ।
वैशाख ९ गते जगदुल्ला गाउँपालिकामा भारतबाट आएका आठजना र गाउँमै बसेका एक बिरामीको आरडिटी परीक्षण गर्दा सबैको रिपोर्ट नेगेटिभ आएको थियो । त्यसैगरी १० गते ठूलीभेरी नगरपालिका ७ मा पर्ने जुफालमा १५ जनाको आरडिटी परीक्षण गर्दा सबैको रिपोर्ट नेगेटिभ आएको जिल्ला अस्पताल डोल्पाले जानकारी दिएको छ । केही दिनअघि जिल्ला अस्पतालमा ९ जनाको रिपोर्ट नेगेटिभ आएको थियो ।

**इन्सेक जुम्ला जिल्ला प्रतिनिधि मानदत्त रावलका अनुसार** विभिन्न जिल्लाबाट घर फर्किनेलाई कर्णाली प्रदेश सरकार र स्थानीयको प्रशासनमा उद्धार गरिएको छ ।  वैशाख ११ गते कैलाली, कञ्चनपुर, काठमाडौं, नेपालगञ्ज लगाएत विभिन्न जिल्लाका एक सय एक जनालाई उद्धार गरिएको जिल्ला समन्वय समिति जुम्लाका प्रमुख लालबहादुर सार्कीले बताउनुभयो ।
**इन्सेक कर्णाली प्रदेश कार्यालय, सुर्खेत**